# लेखापरीक्षण प्रतिवेदन

# गङ्गाजमुना गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गङ्गाजमुना गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**
**महालेखापरीक्षक**

**२०८३ वैशाख**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौँ

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/789

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू,

गङ्गाजमुना गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय,धादिङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौँ

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/789

श्रीमान् अध्यक्षज्यू,

गङ्गाजमुना गाउँपालिका,

गाँउकार्यपालिकाको कार्यालय, धादिङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**१. कैफियत सहितको राय:**

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधार:**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ३२ करोड २३ लाख २२ हजारको लेखापरीक्षणबाट रु. ६५ लाख ३२ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट कुनै सम्परीक्षण नभई असुल गर्नुपर्ने रु. २६ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ लाख, नियमित गर्नुपर्ने रु. ३३ लाख ४ हजार र पेश्की बाँकी रु. ४ लाख ४५ हजार गरी जम्मा रु. ६५ लाख ३२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.२८ करोड २० लाख ६८ हजार मध्ये रु. ४ करोड ९ लाख ७६ हजार सम्परीक्षण भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु. २४ करोड ७६ लाख २४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा:**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी:**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी:**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | पेस्की | |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५४ | ५० | ६५,३२,४४३ | ० | ० | ० | ० | ५४ | ५० | ६५,३२,४४३ | २६,८३,२३३ | ३३,०४,२१० | १,००,००० | ० | ० | ३४,०४,२१० | ४,४५,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परिक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | २८,२०,६७,९२१ | ० | ४,०९,७६,१११ | २४,१०,९१,८१० | ० | ६५,३२,४४३ | २४,७६,२४,२५३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २७ | बढी भुक्तानी | ४८,६०० |
| २ | २०८०/८१ | ५० | पारिश्रमिक कर गणना | २७,८४४ |
| ३ | २०८०/८१ | ४७ | नमुना विद्यालय भौतिक निर्माण अनुदान | ३,०६,९२,२०६ |
| ४ | २०७९/८० | ६० | नमुना विद्यालय भौतिक निर्माण अनुदान : | १,००,००,००० |
| ५ | २०७८/७९ | १०१ | यातायत सुविधा बढीः | ४,००० |
| ६ | २०७७/७८ | ३५ | चिम्चोक-पोखराडाडाँ भ्यू टावर | २,०३,४६० |
| | | | | |

| | |
|---|---|
| जम्मा | ४,०९,७६,१११ |

# गङ्गाजमुना गाउँपालिका, धादिंग

# ( ८०३३०५०२३०० )

# गंगाजमुना गाउँपालिका , धादिङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउपालिकाको उद्देश्य रहेको छ । यस पालिकामा वडा ७ वटा, क्षेत्रफल १४५ वर्ग किलोमिटर र जनसंख्या २५८७२ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।२४ देखि २०८२।८।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. १ अर्व ३२ करोड २३ लाख २२ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २५२५२१५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | देउपुर मणी वुद्ध जे भि वाट कार्यसम्पादन जमानत | १२८२००० |
| २ | लघु उधम कार्यक्रमको वढी भुक्तानी | १०३०० |
| ३ | विपना साउद स्थानिय भत्ता वढी भुक्तानी | ६१२६ |
| ४ | टिका शर्मा स्थानिय भत्ता वढी भुक्तानी | २१४४ |
| ५ | अर्जुन कुमार पुन मगर स्थानिय भत्ता वढी भुक्तानी | ७६३९ |
| ६ | सुमित कुमार चौधरी स्थानिय भत्ता वढी भुक्तानी | १८३७ |
| ७ | घमण्ड वहादुर विष्ट स्थानिय भत्ता वढी भुक्तानी | १८३८ |
| ८ | राजकमल राना मगर स्थानिय भत्ता वढी भुक्तानी | २१४४ |
| ९ | निरञ्जना चौधरी स्थानिय भत्ता वढी भुक्तानी | ७६५८ |
| १० | दिपक अधिकारी स्थानिय भत्ता वढी भुक्तानी | ७९६० |
| ११ | भिम वहादुर साउद स्थानिय भत्ता वढी भुक्तानी | ३३९९ |
| १२ | वद्री नाथ पौडेल स्थानिय भत्ता वढी भुक्तानी | २८१२ |
| १३ | खेम राज रिजाल स्थानिय भत्ता वढी भुक्तानी | ४९०० |
| १४ | सुरेन्द्र ढुङ्गाना स्थानिय भत्ता वढी भुक्तानी | ५६१६ |
| १५ | सन्जय वहादुर स्याङतान स्थानिय भत्ता वढी भुक्तानी | १८७२ |
| १६ | कार्यसम्पादन जमानत जफत सम्तरङ्गी कन्टक्सन | १०६०००० |
| १७ | दिवा खाजा वढी भुक्तानी | ११६९७० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तिय विवरण परीक्षण

२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

| प्राप्ती | | | भुक्तानी | |
|---|---|---|---|---|
| विवरण | रकम | जम्मारकम | विवरण | रकम |
| सुरुमौज्दात | | ५८१८८१८२.२६ | चालुखर्च | |
| १. संचित कोष | ४०५२८५००.८९ | | १.पालिकातर्फ | १२४४८९८२८.२१ |
| २. धरौटी | १३७७७५५८.०० | | २.संघीयशशर्त | १९४०८०४८०.१९ |
| ३. प्रकोप व्यवस्थापन कोष | १७२८०७१.९० | | ३.प्रदेशशशर्त | ४९३०५७८.७ |
| ४. विविध खर्च खाता | २१५४०५१.४७ | | पूजिगतखर्च | |
| यसवर्षको आय | | | १.पालिकातर्फ | १२६७५७५६८.८४ |
| वित्तियहस्तान्तरण संघ | | ४०५३४५०९३.७८ | २.संघीयशशर्त | १०७५०००० |
| १. वित्तीय समानिकरण अनुदान | १०८१८५०४०.०० | | ३.संघीयविशेष | २१४९७२९.८७ |
| २. राजश्व वाँडफाँड संघीय सरकार | ८३०७८१९४.०८ | | ४.प्रदेशशशर्त | १४२९२३४९.११ |
| ३. ससर्त अनुदान | २०५०५३७३८.८३ | | ५.संघीयसमपुरक | ६८७८३९१.०० |
| ४. समपुरक अनुदान | ६८७८३९१.०० | | ६.प्रदेशसमपुरक | ९३२२७८१.२९ |
| ५. विशेष अनुदान | २१४९७२९.८७ | | अन्तरसरकारी अख्तियारी संघ | |
| वित्तियहस्तान्तरण प्रदेश | | ५६५०२८४०.२९ | सामाजिकसुरक्षा | १४८०८११०९.१८ |
| १. वित्तीय समानिकरण अनुदान | १२१८२०००.०० | | एकिकृतस्वास्थ्य पूर्वाधार कार्यक्रम | १४४७६०००.०० |
| २. राजश्व वाँडफँड प्रदेश सरकार | १५७७५१३१.१९ | | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार कार्यक्रम | १६८१६७९.९९ |
| ३. ससर्त अनुदान | १२२२२९२७.८१ | | धरौटी तथाकोष खर्च | |
| ४. समपुरक अनुदान | ९३२२७८१.२९ | | धरौटीफिर्ता | ५३२७०८८.०० |
| ५. विशेष अनुदान | ७०००००.०० | | प्रकोपव्यवस्थापन कोष | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| आन्तरिकराजश्व | ५९२९७०२.३२ | ५९२९७०२.३२ | विविध खर्चखाता | ९८४६७६५.८१ |
| राजश्ववाँडफँड स्थानीय सरकार | १५४३३४९.८६ | १५४३३४९.८६ | अन्तिममौज्दात | |
| अन्तरसरकारी अख्तियारी संघ | | १६४२३८७८९.१७ | १. संचितकोष | १६१९७७७९.९३ |
| १. सामाजिक सुरक्षा | १४८०८११०९.१८ | | २. धरौटी | १३६१९९५३.०० |
| २. एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | १४४७६०००.०० | | ३. प्रकोपव्यवस्थापन कोष | १७२८०७१.९० |
| ३. स्थानीय तह प्रशासकीय भवन पूर्वाधार कार्यक्रम | १६८१६७९.९९ | | ४. विविधकोष खाता | २८१०६८७.३५ |
| विभिन्नकोष तर्फको आय | | १५६९७६०५.१९ | ५. विभाज्यकोष खाता | २४७२०.५० |
| १. धरौटी | ५१६९४८३.०० | | | |
| २. प्रकोप व्यवस्थापन कोषमा आय | ०.०० | | | |
| ३. विविध कोष | १०५०३४०१.६९ | | | |
| ४. विभाज्य कोष रकम | २४७२०.५० | | | |
| जम्मा | | ७०७४४५५६२.८७ | जम्मा | |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४८०८११०९.१८ एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु १४४७६०००.०० र . स्थानीय तह प्रशासकीय भवन पूर्वाधार कार्यक्रम रु १६८१६७९.९९ गरी रु १६४२३८७८९.१७ मलेप फा नं २७० मा समावेश गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण २७० समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको शुरु मौज्दातमा ७२१५६।

२४प्राप्ति रु. १८०००८५५०।६० यस वर्षको भुक्तानी रु १७९४१२६४२।९८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| वरण | गत आ.व.को नगद तथा बैंक मौज्दात | यसवर्षको कुल जम्मा प्राप्ति | यसवर्षको कुल जम्मा भुक्तानी | धरौटी,आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०) | ५,८२,६०,३३८.५० | ४६,९२,४८,८३०.०१ | ४९,३६,५१,७०७.२१ | ५,२३,७५१.३८ | ३,४३,८१,२१२.६८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५८१८८१८२.२६ | ६४९२५७३८०।६१ | ६७३०६४३५०।१९ | ० | ३४३८१२१२.६८ |
| फरक | ७२१५६।२४ | १८०००८५५०।६० | १७९४१२६४२।९८ | | ० |

२.४ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेकोले वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात रु ६२२८२५६।२२ फरक देखिएकोले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| १. संचितकोष | १६१९७७७९.९३ | ६४५८५३५।७३ | |
| २. धरौटी | १३६१९९५३.०० | १३६१९९५३।०० | |
| ३. प्रकोपव्यवस्थापन कोष | १७२८०७१.९० | १७२८०७१।९० | |
| ४. विविधकोष खाता | २८१०६८७.३५ | ३९३३४९४।३५ | |
| ५. विभाज्यकोष खाता | २४७२०.५० | | |
| आन्तरिक राजश्व खाता | | ८७४०३६१।५० | |
| चाल खर्च खाता | | १४२८५९१।०८ | |
| पुजिगत खर्च खाता | | ४३४९५२१।३४ | |
| आकस्मिक कोष खाता | | ४५०९४०।०० | |
| जम्मा | ३४३८१२१२.६८ | ४०७०९४६८.९ | ६३२८२५६.२२ |

२.५ **खर्च बिश्लेषण**- पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ७४७३०५२।१८ राजस्व बाँडफाँड र अनुदानबाट रु ४६१८४७९३४।०७ समेत रु ४६९३२०९८६।२५ आम्दानी भएकोमा चालु तर्फ रु ३२३५००८८७.१० र पूँजिगत तर्फ रु १७०१५०८२०.११ समेत रु ४९३६५१७०७।२१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५७,७१,८४३.८४ खर्च भएको छ जुन आन्तरिक आयको ७७.२३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालुखर्च प्रतिशत ६८.९२ र ३६.२५ प्रतिशत पूँजिगत निर्माणमा खर्च .भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माणमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ ।आन्तरिक आयको श्रोत खोजि प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ३ संगठन तथा कर्मचारी व्यवस्थापन

३.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९को दफा ७ वमोजिम स्थानिय तहको संगठन संरचना र दरवन्दी स्विकृत भएपछी सम्वन्धित स्थानिय तहले संगठन संरचना स्विकृत गर्ने वा पद सृजना गर्ने निर्णय भएको एक महिना भित्र र ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गर्नुपर्ने उल्लेख छ पालिकाले ऐनको ब्यबस्था वमोजिम नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको नदेखिए को साथै ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको पनि देखिएन । पालिकाले उपलब्ध गराएको विबरण अनुसार ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण निम्नअनुसार छन ।

| सि नं | पद | स्विकृत दरवन्दी | स्थायी पदपुर्ती | रिक्त | अस्थायी/करार पदपुर्ति | कार्यक्रम करार पदपुर्ति |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ | १ | - | | |
| २ | अधिकृत सातौ | ३ | १ | २ | १ | - |
| ३ | अधिकृत छैठौ | ६ | ६ | - | - | ३ |
| ४ | सहायक पाचौ | २७ | २१ | ६ | ५ | ४ |
| ५ | सहायक चौथो | ५१ | १६ | ३५ | ३८ | २ |
| ६ | तह विहिन | २७ | ० | २७ | २७ | ० |
| | | ११५ | ४५ | ७० | ७१ | ९ |

ऐनको ब्यबस्था वमोजिम ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र र नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरिनुपर्दछ ।

३.२ करार कर्मचारी - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा १६ मा स्थानिय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागी कुनैपनि ब्यक्तिलाइ ज्यालादारी तथा करारमा नियुक्ति गर्न नपाइने उल्लेख छ तर सोहि ऐनको दफा ९ को उपदफा १४ मा सहायक चौथो र पाँचौ तहको पदवाट सम्पादन गरिने कार्य मध्येको कम्प्युटर अपरेटर, सवारीचालक, कार्यालय सहयोगी र चौकिदारको प दवाट सम्पादन हुने कामको लागी दरवन्दि भित्र रहि ब्यक्तिसंग करार गरी सेवा करारमा र प्लम्बर, इलेक्ट्रिसियन र यस्तै काम गर्ने अन्य पदका दरवन्दि भित्र नपर्ने पदमा संस्था गरार गरी सेवा करारवाट सम्पादन गराउन सकिने उल्लेख छ ।यो वर्ष पालिकाले स्वीकृत स्थायी दरवन्दीमा देहाय वमोजिम संख्यामा विगतदेखी नै कार्यरत कर्मचारीको करारको म्याद थप गर्दै कार्य लगाइ यस वर्ष रू. १ करोड७८

लाख २३ हजार पारिश्रमिक भुक्तानी गरेको छ ।ऐनको ब्यबस्था विपरित स्थानिय सेवाको पदमा करारमा कार्यरत देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

| पद | स्विकृत दरवन्दिमा करारमा कार्यरत कर्मचारी संख्या | मासिक तलव | वार्षिक तलव भत्ता रु. |
|---|---|---|---|
| अधिकृत सातौ | १ | ४५८५१ | ५९६०६३ |
| सहायक पाचौ | ५ | ३४७३० | २२५७४५० |
| सहायक चौथो | ३५ | ३२९०२ | १४९७०४१० |
| जम्मा | | | १७८२३९२७ |

३.३ तलवी प्रतिवेदनः- बागमती प्रदेश सरकारको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ र पालिका तर्फ गरी जम्मा रु ४४८१४६०१ खर्च लेखेको छ। कानुन वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३.४ स्थानिय भत्ता- नेपाल सरकार, अर्थ मन्त्रालयको च.नं. ५, मिति २०७१/४/२ मा जारी गरेको तलव तथा सुविधा सम्बन्धी पत्रमा स्थानिय भत्ता प्रयोजनको लागि स्थान बर्गिकरण गरी क, ख, ग, घ र ङ जिल्लाहरुको विभाजन गरेको छ । जसअनुसार धादिङ्ग जिल्ला ङ बर्गीकरणमा पर्ने देखिन्छ । अर्थ मन्त्रालयको पुन च.नं. ६८,मिति २०७१।५।२ को परिपत्र अनुसार च.नं. ५, मिति २०७१।४।२ को परिपत्र कार्यान्वयन नगरी साविक बमोजिम नै स्थानीय भत्ता प्रदान गर्नुपर्ने उल्लेख छ । जसअनुसार सो भन्दा अगाडीको परिपत्र भन्नाले २०६६।४।९ को अर्थमन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको परिपत्रलाई आधार मानेर स्थानीय भत्ता दिएको अवस्था छ । उक्त पत्रको स्पष्टिकरण खण्डको बुदा नं. २ मा घ बर्गको ६ कोष भन्दा माथिको दर पाउने जिल्लाको गाउँ विकास समितिहरुमा धादिङ जिल्लाको वुढाथुम, लापा, फुलखर्क, रिगाँउ, सेर्तुङ, टिप्लङ, झारलाङ, दार्खा र बसेरी गाविस उल्लेख गरेको छ । सो व्यवस्थाले यस पालिका क्षेत्रभित्र घ वर्गको सदरमुकाम भन्दा ६ कोष वाहिरको स्थानिय भत्ता पाउनेमा देहाय वमोजिम सो भन्दा वढीको स्थानिय भत्ता लिएको देखिएकोले सम्वन्धित वाट असुल गर्नुपर्ने रु

| क्रम | नाम | पद | खाएको स्थानिय भत्ता दर स्थानीयभत्ता | पाउने स्थानिय भत्ता दर | फरक स्थानिय भत्ता | महिना | वढी भुक्तानी भएको | असुल भएको | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सन्जय बाहादुर स्याङतान | राजपत्राङ्कित तृतीय ( प्रमुखप्रशासकीय अधिकृत ) | १४०६० | ३९४० | १०१२० | १० | १०१२०० | १८७२ | ९९३२८ |
| २ | सुरेन्द्र ढुङ्गाना | अधिकृत सातौं ( लेखा अधिकृत ) | १४०६० | ३९४० | १०१२० | १० | १०१२०० | ५६१६ | ९५५८४ |
| ३ | मान बहादुर बोहरा | अधिकृत छैठौं | १४०६० | ३९४० | १०१२० | १२ | १२१४४० | | १२१४४० |
| ४ | चांदनी घले | अधिकृत छैठौं | १४०६० | ३९४० | १०१२० | १२ | १२१४४० | | १२१४४० |
| ५ | दिपक अधिकारी | अधिकृत छैठौं | १४०६० | ३९४० | १०१२० | ११ | १११३२० | ७९६१ | १०३३५९ |
| ६ | सबला पण्डित | अधिकृत छैठौं | १४०६० | ३९४० | १०१२० | २ | २०२४० | | २०२४० |
| ७ | बाशुदेब ढकाल | अधिकृत छैठौं | १४०६० | ३९४० | १०१२० | १२ | १२१४४० | | १२१४४० |
| ८ | विनोद श्रेष्ठ | अधिकृत छैठौं | १४०६० | ३९४० | १०१२० | १२ | १२१४४० | | १२१४४० |
| ९ | अरुङ तामाङ | अधिकृत छैठौं | १४०६० | ३९४० | १०१२० | १२ | १२१४४० | | १२१४४० |
| १० | अर्जुन कुमार पुन मगर | सहायक पाँचौ | ९०९० | ३२१० | ५८८० | १२ | ७०५६० | ७६३९ | ६२९२१ |
| ११ | निरन्जना चौधरी | सहायक पाँचौ | ९०९० | ३२१० | ५८८० | १२ | ७०५६० | ७६५८ | ६२९०२ |
| १२ | सुजन नेपाल | सहायक चौथो | ७६९० | ३२१० | ४४८० | १२ | ५३७६० | | ५३७६० |
| १३ | सितेश कुमार यादव | सहायक चौचो | ७६९० | ३२१० | ४४८० | १२ | ५३७६० | | ५३७६० |
| १४ | इन्द्र कुमारी श्रेष्ठ | सहायक पाँचौ | ९०९० | ३२१० | ५८८० | ४ | २०५८० | | २०५८० |
| १५ | खेमराज रिजाल | सहायक पाँचौ | ९०९० | ३२१० | ५८८० | ४ | २०५८० | ४९०० | १५६८० |
| १६ | दान बहादुर तामाङ | सहायक पाँचौ | ९०९० | ३२१० | ५८८० | ४ | २०५८० | | २०५८० |
| १७ | बुद्धिराम घिमिरे | सहायक पाँचौ | ९०९० | ३२१० | ५८८० | ४ | २०५८० | | २०५८० |
| १८ | बिनिता अधिकारी | सहायक पाँचौ | ९०९० | ३२१० | ५८८० | ४ | २०५८० | | २०५८० |
| १९ | प्रकाश धामी | सहायक पाँचौ | ९०९० | ३२१० | ५८८० | ४ | २०५८० | | २०५८० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २० | संजय अहमद हुसैन | सहायक | पाँचौ | ९०९० | ३२१० | ५८८० | १२ | ७०५६० | | ७०५६० |
| २१ | दमन रुपाखेति | सहायक | पाँचौ | ९०९० | ३२१० | ५८८० | ४ | २०५८० | | २०५८० |
| २२ | टिका शर्मा | सहायक | पाँचौ | ९०९० | ३२१० | ५८८० | ४ | २०५८० | २१४४ | १८४३६ |
| २३ | धनिश्वर खनाल | सहायक | पाँचौ | ९०९० | ३२१० | ५८८० | ४ | २०५८० | | २०५८० |
| २४ | लिला भुषाल | सहायक | पाँचौ | ९०९० | ३२१० | ५८८० | ४ | २०५८० | | २०५८० |
| २५ | ठाकुर कुमाल | सहायक | पाँचौ | ९०९० | ३२१० | ५८८० | ४ | २०५८० | | २०५८० |
| २६ | बसन्ती घले | सहायक | पाँचौ | ९०९० | ३२१० | ५८८० | १२ | ७०५६० | | ७०५६० |
| २७ | सरिता गुरुङ. | सहायक | पाँचौ | ९०९० | ३२१० | ५८८० | १२ | ७०५६० | | ७०५६० |
| २८ | रञ्जना कुमारी भट्टराई | सहायक | पाँचौ | ९०९० | ३२१० | ५८८० | १२ | ७०५६० | | ७०५६० |
| २९ | घमण्ड बहादुर विष्ट | सहायक | चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | १८३८ | ५७३२२ |
| ३० | पुष्कर महरा | सहायक | चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ३१ | राजकमल राना मगर | सहायक | चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | २१४४ | ५७०१६ |
| ३२ | शारदा के.सी. | सहायक | चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ३३ | बिपना साउद | सहायक | चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | ६१२६ | ५३०३४ |
| ३४ | कमलकान्त खड्का मगर | सहायक | चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ३५ | खम्वु के.सी. | सहायक | चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ३६ | डिलसा कुमारी डांगी | सहायक | चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ३७ | दर्शना रेग्मी | सहायक | चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३८ | प्रकाश नेपाली | सहायक चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ३९ | मधु कुमारी ठाकुर | सहायक चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ४० | मन्जु थारू | सहायक चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ४१ | रविना श्रेष्ठ | सहायक चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ४२ | शर्मिला कुंवर महत्रा | सहायक चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ४३ | शिवराज महतारा | सहायकचौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ४४ | संगिता नेपाली | सहायक चौथौ | ७६९० | २७६० | ४९३० | १२ | ५९१६० | | ५९१६० |
| ४५ | समित कुमार चौधरी | प्रा स पाचौ | ९०९० | ३२१० | ५८८० | १२ | ७०५६० | १८१७ | ६८७२३ |
| ४६ | बद्री नाथ पौडेल | पशु विकास अधिकृत सातौ | १४०६० | ३९४० | १०१२० | २ | २०२४० | २८१२ | १७४२८ |
| | जम्मा रकम | | | | | | | | २६८३२३३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,८३,२३३ |

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू ५० लाख २७ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको कार्यको सुशासन ऐन वमोजिम वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद नियमावली तयार गरेको पाईएन ।
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ वनाउनु पर्ने देखिन्छ ।

## ५ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस बर्षको आय-ब्ययको आन्तरिक लेखापरीक्षण गराएको छैन । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ६ सहकारी नियमन

सहकारी नियमावली, २०७६ को नियम ५(१)कार्यक्षेत्र एउटै स्थानीय तहमा मात्र हुने सहकारी संस्थाले सो स्थानीय तहमा दर्ता गराउनुपर्ने , १०(१) ले प्रत्येक सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको अन्त्य भएको ३ महिनाभित्र सम्बन्धित दर्ता गर्ने निकायमा नविकरणका लागि वार्षिक साधारणसभाले स्वीकृत आर्थिक विवरण र प्रतिवेदन लेखा परीक्षण (Audit) रिपोर्ट कार्यसमिति/सदस्य विवरण संस्थाको अद्यावधिक सदस्य संख्या राखी निवेदन दिनुपर्ने ब्यबस्था छ।त्यस्तै सोहि नियमावलिको नियम ५९(१)दर्ता गर्ने निकायले आफ्नो क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरूको कार्य सञ्चालन, लेखा–परीक्षण, वित्तीय अवस्था र कानूनी पालनको अनुगमन गर्नुपर्ने उल्लेख छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १५ वटा सहकारी संस्थाहरु दर्ता भएका मध्ये कुने पनि सहकारी एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दर्ताको साथै अनुगमन भएका देखिएन । नियमावलीको ब्यबस्था वमोजिम सहकारी अनुगमन गरी सहकारीको सञ्चालन तथा वित्तिय अवस्था वारे विश्लेषण गरि प्रतिवेदन गरिनुपर्दछ ।

## ७ बजेट तथा कार्यक्रम

७.१ बजेट सीमा निर्धारण र तर्जुमा समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र प्रमुख प्रशासकिय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले वजेट सिमा निर्धारण समितिको समितिको मिति २०८१।२।१३ वैठकवाट सिमा निर्धारण भएकोमा प्रमुख प्रशासकीय अधिकृतबाट विषयगत शाखा तथा वडालाई सोको जानकारी दिएको भएपनि ऐनमा व्यवस्था भएअनुसार वमोजिम तोकीएको समय वजेटको सिमा निर्धारण नभएकोले तोकिएको समायमै सिमा निर्धारण गरि यथार्थ वजेट निर्माणमा पालिकाको सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७.२ बजेट पेश, पारित र अख्तियारी - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष ले मिति २०८१।३।१० मा रु ५६ करोड १६ लाख ९४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।३० पारित गरी मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । अख्तियारी वमोजिम तोकिएको समयमा कार्य कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

७.३ अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष अध्यक्ष र उपाध्यक्ष कोषमा रु ७०००००० अबण्डा बजेट व्यवस्था गरी खर्च गरेको छ। अबण्डामा

बजेट राखी कार्यपालिकाको निर्णय बाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

७.४ योजना तथा वजेट कार्यान्वयन – पालिकाको योजना तथा बजेट सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- त्रैमासिक खर्च अवस्था- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १७ करोड १ लाख ५१ हजार भएकोमा प्रथम त्रैमासिकमा ८ लाख ५७ हजार , दोश्रो त्रैमासिकमा १ करोड २१ लाख ८३ हजार, तेश्रो चौमासिकमा ४ करोड ५३ लाख , चौथो त्रैमासिकमा ११ करोड १८ लाख १० हजार र आषाढ महिनामा ६ करोड ८१ लाख ८७ हजार देखिन्छ। चौथो त्रैमासिक खर्च ६५.७१ प्रतिशत र आषाढ महिनाको खर्च ४०.०७ प्रतिशत रहेकोले वर्षान्तमा खर्च दर उच्च रहेको छ ।त्रैमासिक विनियोजन वमोजिम वजेट खर्च गरिनुपर्दछ ।
- रकमान्तर-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुजिगत शिर्षकमा पच्चिस प्रतिशत नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ ।त्यस्तै, पालिकाको विनियोजन ऐन २०८१ ले चालु र पुजिगत खर्च शिर्षकमा ५६ करोड १६ लाख ९४ हजार वजेट स्विकृत गरेको छ ।तर पालिकाले आन्तरीक श्रोत र निशर्त वित्तिय हस्तान्तरणमा ४६ वटा कार्यक्रम/योजना लाइ घटाइ ८६ वटा नयाँ कार्यक्रम/ थप गरी रु.३८१८४०००। ०० रकमान्तर गरेको छ । वजेट तथा कार्यक्रम स्वीकृत भैसकेपछि सो कार्यन्वयन हुन नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा कार्यक्रम/योजना संसोधन गरी रकमान्तर गर्नु उचित देखिएन

७.५ योजनाको प्राथमिकीरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १७३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको ना | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७१ | १६ | २० | ६५ |
| २ | वडास्तरीय | १०२ | ३ | २१ | ६५ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७.६ बार्षिक खरिद योजना -सार्वजनिक खरिद नियमावली २०६४ को नियम मावार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सो आर्थिक वर्षमा गर्ने खर्चको वार्षिक खरिद योजना तयार गर्नुपर्ने र बार्षिक खरिद योजनामा खरिदको सम्भावित प्याकेज, खरिद कारवाहीको समय तालिका, खरिद बिधि समेत खुलाउनुपर्ने

ब्यबस्था छ ।पालिकाले यस वर्ष देहाय खर्च शिर्षकमा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने गरी रु २४२४१२१६. वजेट विनियोजन गरी रु १८७६३६७२.१४ खर्च गरेकोमा वार्षिक खरिद योजना तयार गरेको पाइएन । अत: खरिद सम्वन्धी नियमको उल्लेखित ब्यबस्था अनुसार खरिद योजना तयार गरी लागु गर्नुपर्दछ ।

| खर्च कोड | खर्च शिर्षक | वजेट | खर्च |
|---|---|---|---|
| २२२१३ | सवारी साधन मर्मत खर्च | २१,००,०००.०० | २०,९८,२२४.७६ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ६०,४६,०००.०० | ५४,२८,१२६.५० |
| २२३१५ | २पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५९,५५,२१६.०० | ४७,२७,६९२.८० |
| २२४११ | सेवार परामर्श खर्च | ३१,२०,०००.०० | २६,४७,०३३.०० |
| २८१४९ | अन्यभाडा | १७,००,०००.०० | १५,७२,६८०.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ५३,२०,०००.०० | २२,८९,९१५.०८ |
| | जम्मा | २,४२,४१,२१६.०० | १,८७,६३,६७२.१४ |

७.७ दायित्व सृजना र भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। त्यस्तै आर्थिक-कार्यविधि-तथा-वित्तीय-उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने र नियम ३९ को उपनियम (१५) वमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको प्रमाणित विवरणमा समावेश भएको खर्च भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरी भुक्तानी दिन सक्ने ब्यबस्था छ। पालिकाले नियमित तथा चालु प्रकृतिका र पुजिगत रु३८४४२२९।००गरी गत वर्षको भुक्तानी दिन बाँकी दायित्व देखिएकोमा बजेटमा समावेश गरी भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण गर्नुपर्नेमा चालु प्रकृतिको दायित्वमा राखि भुक्तानी दिन मिल्ने देखिएन ।

## ८ अनुदान प्राप्ती, वितरण, उपयोग

८.१ समानीकरण अनुदान रकमको उपयोग- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनको बुदा च ( १२ र १४) मा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र उक्त ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने ब्यबस्था रहेको हुदा प्रदेश तथा स्थानीय सरकारहरुले प्रशासनिक खर्च [पारिश्रमिक / सुविधा, मालसामान तथा सेवाको उपयोग अनुगमन तथा मूल्याङ्कन खर्च भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा / घर / सवारी साधन / मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता भैपरी आउने चालु खर्च] जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरणको अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने र आर्थिक वर्षको अन्त्यमा फ्रिज भएको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा खर्च गर्दा जुन प्रयोजनको लागी विनियोजन भएको हो सोहि प्रयोजनमा मात्र खर्च गर्नुपर्ने र यस्तो रकम आन्तरिक आयको रुपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न नपाईने उल्लेख छ ।पालिकाको यस बर्षको

श्रोतगत खर्चको फाँटवारीमा मार्गदर्शन विपरित देहाय चालु प्रकृतिका खर्च शीर्षकमा रु ३१२०००० विनियोजन गरी २६५११४२ खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

| खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | वजेट खर्च |
|---|---|---|---|
| नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान | | | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ९,००,०००.०० | ७,२३,२८२.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ८,५०,०००.०० | ८,५०,०००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,५०,०००.०० | १,३४,५४०.०० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | १,५०,०००.०० | १,५०,०००.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ९,२०,०००.०० | ६,४३,३२०.०० |
| बागमती प्रदेश - समानिकरण अनुदान : बागमती प्रदेश - नगद अनुदान | | | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | १,५०,०००.०० | १,५०,०००.०० |
| | | ३१२०००० | २६५११४२. |

८.२ सवारी साधन कर वाडफाड - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको सवारीसाधन कर मार्गदर्शनको वुदा ५ मा सवारी साधन कर वाडफाडको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक सुरक्षा ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पुर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख गरेको छ ।यस बर्ष पालिकामा प्राप्त भएको सवारी साधन कर वाडफाड रकम रु १५७७५१३१.१९ मध्ये यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा तोकेको क्षेत्रमा खर्च नगरी कार्यालयको नियमित प्रकृतिका चालु खर्च शिर्षकमा रु १३५८०००० विनियोजन गरि रु १०८९८४३७.१४ खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

| खर्च संकेत | खर्च शिर्षक | वजेट रकम | खर्च रकम |
|---|---|---|---|
| २१११११ | पारिश्रमिककर्मचारी | ७०,००,०००.०० | ४७,६४,७८६.०० |
| २११४१ | पदाधिकारी<br>भत्ता | १७,६४,०००.०० | १७,६०,६४९.०० |
| २२१११ | पानीतथा बिजुली | २,००,०००.०० | ५०,४००.०० |
| २२११२ | संचारमहसुल | ६,००,०००.०० | ४,०९,८५४.१४ |
| २२२१३ | सवारीसाधन मर्मत खर्च | ५,०५,०००.०० | ५,०४,०००.०० |
| २२३११ | मसलन्दतथा कार्यालय सामाग्री | ९,२६,०००.०० | ८,२७,१८७.०० |
| २२४११ | सेवार परामर्श खर्च | ७,००,०००.०० | ७,००,०००.०० |
| २२६१२ | भ्रमणखर्च | १०,५०,०००.०० | १०,४९,१५०.०० |
| २२७११ | विविधखर्च | ८,३५,०००.०० | ८,३२,४११.०० |
| | | १,३५,८०,०००.00 | १,०८,९८,४३७.१४ |

## ९ कानून निर्माण एवं कार्यान्वयन

९.१ कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म २१वटा ऐन, ६ वटा नियमावली, ५२ कार्यविधि ११ निर्देशिका र ४ नर्मस गरी ९४ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा वित्तिय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

९.२ न्यायिक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्षको वाँकी ३ वटा र यस वर्ष ५ उजुरी परेकोमा ६ वटा फर्स्यौट भइ २ कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको देखिएको छ ।

## १० सम्पत्ति उपयोग र संरक्षण

१०.१ सम्पत्तिको उपयोग र संरक्षण – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनमिना नहुने गरी लगत श्रेस्ता सहित त्यस्को संरक्षण गर्ने कर्तब्य त्यस्तो जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने ब्यबस्था छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS वमोजिम पालिकाको यस आर्थिक वर्षमा घर जग्गा तथा देहाय प्रमुख सम्पत्ति देखिएकोमा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षणमा अवस्था देखिएको व्यहोरा निम्न छ ।

| सम्पत्ति | संख्या | खरिद/ प्राप्ति मूल्य |
|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित २८ | अभिलेख नभएको | मुल्य नखुलेको |
| सवारी साधन दुइ पाङग्रे | २२ | नखुलेको |
| सवारी साधन चार पाङग्रे | १ | ३३५३९८२।०० |
| एम्वुलेन्स | ३ | नखुलेको |

१०.२ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण - स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

१०.३ उपकरण सञ्चालन र कार्यबिधि- पालिकामा रहेका ३ एम्वुलेन्सको पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखी लेखापरिक्षणमा पेश गरेको छैन । एकातर्फ एम्वुलेन्स सञ्चालनको पुर्ण रुपमा लगसिट नहुने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत नहुनाले र एम्वलेन्सको आय श्रेस्ता साधन सञ्चालन अवस्था कस्तो छ एकिन गर्न सकिएन । उक्त साधन सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण प्राथमिक स्वास्थ्य केन्द्र वाट व्यबस्थापन हुने गरेको पाइयो । पालिकाको एम्वुलेन्स मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

१०.४ सवारी मर्मत सम्भार : पालिकाले सवारी साधनको मर्मत अभिलेख पाम्समा राख्नुपर्दछ । कार्यालयमा मौजुदा २३ सवारी साधन र मेशिनरी औजार भएकोमा सोको यस वर्ष मर्मत सम्भारमा रु २८९६८५७।९१ खर्च भएको देखिएको छ । साथै ति साधनको मर्मत सम्भारको अधिलेख पाम्समा राखेको देखिएन । सामान्यतया कुनै पदाधिकारी वा कर्मचारीले सरकारी सवारी साधन कार्यालयको काम बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न नपाइने र सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई निजले प्रयोग गरेको सवारी साधनको लागि मर्मत विल बमोजिम बढीमा कार / जिप /मेशिनरी औजारको तोकिएको भन्दा बढी रकमको सवारी साधनको मर्मत सम्भार बापतको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा कार्यपालिकाले अनुगमन गरेको देखिएन ।

१०.५ जिन्सी निरीक्षण -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान नियमको १०६ वमोजिम लिलाम गरी पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जिन्सी निरिक्षण गरी प्रतिवेदनको कार्यान्वयन गर्नुपर्दछ ।

१०.६ इन्धनको अभिलेख – कार्यालयले कर्मचारीको लागी इन्धन सुविधा वितरण आधार तयार गरी को अभिलेख अद्यावधिक गरि राख्नुपर्ने ब्यबस्था छ । कार्यालयको अभिलख अनुसार कार्यालयमा सवारि साधन २३ रहेको देखिएको छ । कार्यालयले इन्धन सुविधा वितरण को अभिलेख अद्यावधिक नहुनुको साथै यस बर्ष इन्धन पदाधिकारी रु १७००००० इन्धन(कार्यालय प्रयोजन)मा रु.

१६,८१,०२७.८० गरी रु ३३८१०२७।८० खर्च भएकोमा PAMS मा अभिलेख राखिएको नदेखिएकोले सो को अभिलेख PAMS मा समेत राखिनुपर्दछ ।

## ११ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा मालसामान खरिद गर्न,सेवा उपलब्ध गराउन वा निर्माण सम्वन्धि कामका लागी व्यक्ती फर्म वा कम्पनिलाइ पेश्की दिदा प्रचलित कानुन वमोजिम वैक ग्यारेन्टी लिइ पेश्की दिनुपर्ने र नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष निम्नानुसार म्याद ननाघेको पेश्की आर्थिक बर्षको अन्त सम्म फछर्यौट हुन बाँकी रहेकोले नियमानुसार फछर्यौट हुनुपर्ने रु

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | कार्य | पेश्की रकम यो वर्ष म्याद नाघेको | गत वर्षको पेश्की वाँकी म्याद ननाधेको |
|---|---|---|---|---|
| ०१/०९/२०८१ | रामेश्वर सिम्खडा | मसलन्द तथाकार्यालय सामाग्री (गाउँ कार्यपालिकाको कार्यालय) | ४५,०००.०० | |
| ०४/०१/२०८१ | कविन्द्र। ज्वालामुखी। भेनसजे.भी. | अन्यसार्वजनिक निर्माण | | २३,००,०००.०० |
| ११/२७/२०८१ | ओम श्रेष्ठ। ओम कुण्डलेश्वर जे.भी. | री स्वास्थ्य चौकी भवन निर्माण वडा नं. २ | | 27,00,000.०० |
| ०१/०९/२०८२ | ओम कुण्डलेश्वर प्रा.लि. | वडा कार्यालय व्यवस्थापन वडा नं. ४ | ४,००,०००.०० | |
| जम्मा | | | ४,४५,०००.०० | ५०,००,०००.०० |

| | |
|---|---|
| पेश्की | ४,४५,००० |

## १२ शिक्षक दरवन्दी र पदपूर्ति

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरवन्दी अनुसूची - १२ मा उल्लेख भए बमोजिम हुने र विशेष शिक्षा दिने सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मन्त्रालयले तोके बमोजिम हुने उल्लेख छ । त्यस्तै शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ८ मा प्रत्येक जिल्ला शिक्षा समन्वय कार्यालयले जिल्ला भित्रका सामुदायिक विद्यालयमा रहेका स्वीकृत रिक्त दरवन्दीको विबरण प्रत्येक ६ महिनामा शिक्षा बिकास तथा मानव श्रोत केन्द्रमा पठाउनुपर्ने र शिक्षा बिकास तथा मानव श्रोत केन्द्रले पनि पदपुर्तिको लागी २ महिना भित्र आयोगमा लेखि पठाउनु पर्ने उल्लेख छ । पालिकाले पेश गरेको विबरण अनुसार आधारभुत र माध्यमिक गरी १५०स्वीकृत शिक्षक दरवन्दी रहेकोमा १४२ जना पदपुर्ति भई ८ दरवन्दी रिक्त रहेको छ। पदपुर्तिको लागी दरवन्दीको विबरण पठाएको नदेखिएकोले शिक्षक सेवा आयोग नियमावली वमोजिम रिक्त पद पदपुर्ति गरिनुपर्दछ ।

| सं. | विद्यालयको संख्या | स्विकृत दरवन्दी आधारभुत तह १ देखि ५ | स्विकृत दरवन्दी आधारभुत तह ५ देखि ८ | स्विकृत दरवन्दी माध्यामिकतह ९ देखि १० | स्विकृत दरवन्दी माध्यामिकतह ११देखि १२ | जम्मा स्विकृत दरवन्दी | स्थायी पदपूर्ति | स्विकृत दरवन्दी मध्ये करार | शिक्षण अनुदान कोटा राहतमा कार्यरत | संघिय शसर्त अनुदान र अन्य प्रकृतिका शिक्षण अनुदान | पालिका अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४२ | ११३ | २१ | १६ | ० | १५० | १४२ | ८ | ५८ | १४ | २२ |

## १३ विद्यालय समायोजन तथा शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली २०५९ को नियम ४ अनुसुची ३ ( ठ) मा सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराइ क्षेत्रमा ५०, पहाडी क्षेत्रमा ४५ र हिमाली क्षेत्रमा ४० विद्यार्थी हुनुपर्नेउल्लेख छ। नियमावलीमा भएको उल्लेखित ब्यबस्थाले यस हिमाली भेगमा सामुदायिक विद्यालयका प्रतिकक्षा सामान्यतया औषतमा ४० विद्यार्थी गणना गर्दा प्रति आधारभुत विद्यालय (कक्षा १-५) भएको विद्यालयमा २०० जना, (कक्षा ६-८) सम्म भएको विद्यालयमा ३२० जना, माध्यामिक (कक्षा ९-१०) मा ४०० जना प्रति विद्यार्थी हुनुपर्ने देखिएको छ । त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम ७७ मा सामुदायिक विद्यालयमा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र उपत्यका तथा तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार सामुदायिक विद्यालयको विद्यालय - विद्यार्थी संख्या र शिक्षक/विद्यार्थी अनुपात देहाय वमोजिम देखिएको छ ।

| सि नं | बिद्यालयको नाम | विद्यालयको तह | नियमावली वमोजिम प्रति विद्यालयमा हुनुपर्ने विद्यार्थि संख्या | बिद्यार्थी संख्या | विद्यार्थी प्रतिशत | कुल शिक्षक संख्या | कुल शिक्षक संख्या | शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| १ | देउराली आधारभूत विद्यालय | ५ | २०० | ७४ | ३७ | ५ | ५ | १४.८ |
| २ | हिमालय आधारभूत विद्यालय | ५ | २०० | ५२ | २६ | ५ | ५ | १०.४ |
| ३ | सितलादेवि आधारभूत विद्यालय | ८ | ३२० | ११५ | ३५.९४ | ९ | ९ | १२.७८ |
| ४ | रिचेत आधारभूत विद्यालय | ५ | २०० | ५० | २५ | ५ | ५ | १० |
| ५ | री गाउँ मा.वि. | १२ | ४८० | २७० | ५६.२५ | १३ | १३ | २०.७७ |
| ६ | लालिगुराँस आधारभूत विद्यालय | ५ | २०० | १० | ५ | २ | २ | ५ |
| ७ | बुद्ध आधारभूत विद्यालय | ५ | २०० | ३५ | १७.५ | ४ | ४ | ८.७५ |
| ८ | शान्ती आधारभूत विद्यालय | ५ | २०० | ३९ | १९.५ | ४ | ४ | ९.७५ |
| ९ | बुद्धज्योती आधारभूत विद्यालय | ५ | २०० | ६३ | ३१.५ | ४ | ४ | १५.७५ |
| १० | पासाङचोक महादेव मा.वि. | १० | ४०० | २४० | ६० | १३ | १३ | १८.४६ |
| ११ | ज्ञान मन्दिर आधारभूत विद्यालय | ५ | २०० | ३८ | १९ | ३ | ३ | १२.६७ |
| १२ | सरस्वती आधारभूत विद्यालय | ५ | २०० | ११ | ५.५ | १ | १ | ११ |
| १३ | नेत्रावती आधारभूत विद्यालय | ५ | २०० | १४ | ७ | १ | १ | १४ |
| १४ | कल्याण आधारभूत विद्यालय, छेलाङ | ५ | २०० | ४२ | २१ | ४ | ४ | १०.५ |
| १५ | श्री चिमचोक माध्यमिक विद्यालय | १० | ४०० | १७६ | ४४ | ११ | ११ | १६ |
| १६ | कल्याण माध्यमिक विद्यालय, गुम्दी | १० | ४०० | १२० | ३० | ११ | ११ | १०.९१ |
| १७ | श्री बालकल्याण आधारभूत विद्यालय | ५ | २०० | २६ | १३ | ३ | ३ | ८.६७ |
| १८ | साल्मेटार आधारभूत विद्यालय | ५ | २०० | ३ | १.५ | १ | १ | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | रातामाटा आधारभूत विद्यालय | ५ | २०० | २५ | १२.५ | ५ | ५ | ५ |
| २० | कालिकादेवी आधारभूत विद्यालय | ५ | २०० | २३ | ११.५ | २ | २ | ११.५ |
| २१ | पन्चकन्या आधारभूत विद्यालय | ५ | २०० | १३ | ६.५ | २ | २ | ६.५ |
| २२ | तामाङखर्क मा.वि. | १२ | ४८० | २७८ | ५७.९२ | २० | २० | १३.९ |
| २३ | कालिकादेवी आधारभूत विद्यालय | ५ | २०० | १५ | ७.५ | २ | २ | ७.५ |
| २४ | सरस्वती आधारभूत विद्यालय | ५ | २०० | ४९ | २४.५ | ५ | ५ | ९.८ |
| २५ | सुन्दर आधारभूत विद्यालय | ५ | २०० | ३५ | १७.५ | ४ | ४ | ८.७५ |
| २६ | कुवापानी आधारभूत विद्यालय | ५ | २०० | ३५ | १७.५ | ४ | ४ | ८.७५ |
| २७ | ढाँडखर्क आधारभूत विद्यालय | ५ | २०० | ३८ | १९ | ५ | ५ | ७.६ |
| २८ | अन्नपुर्ण आधारभूत विद्यालय | ५ | २०० | २३ | ११.५ | ५ | ५ | ४.६ |
| २९ | गङ्गाजमुना आधारभूत विद्यालय | ५ | २०० | १६ | ८ | २ | २ | ८ |
| ३० | जलकन्या आधारभूत विद्यालय | ५ | २०० | ९ | ४.५ | १ | १ | ९ |
| ३१ | हिलेपोखरी आधारभूत विद्यालय | ८ | ३२० | ६९ | २१.५६ | ८ | ८ | ८.६ |
| ३२ | मण्डली मा.वि. | १२ | ४८० | ४५५ | ९४.७९ | २२ | २२ | २०.६८ |
| ३३ | महालक्ष्मी मा.वि. | १२ | ४८० | १६९ | ३५.२१ | १९ | १९ | ८.९ |
| ३४ | शिवालय मा.वि. | १० | ४०० | १५० | ३७.५ | १८ | १८ | ८.३ |
| ३५ | अन्नपुर्ण आधारभूत विद्यालय | ५ | २०० | २३ | ११.५ | १ | १ | २३ |
| ३६ | बसेरी मा.वि. | १० | ४०० | १६७ | ४१.७५ | १५ | १५ | ११.१३ |
| ३७ | भैंसे आधारभूत विद्यालय | ५ | २०० | १९ | ९.५ | २ | २ | ९.५ |
| ३८ | पन्चकन्या आधारभूत विद्यालय | ५ | २०० | ८ | ४ | २ | २ | ४ |
| ३९ | सातथर आधारभूत विद्यालय | ८ | ३२० | ६४ | २० | ८ | ८ | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४० | महेन्द्ररत्न आधारभूत विद्यालय | १० | ४०० | १३७ | ३४.२५ | १२ | १२ | ११.४१ |
| ४१ | कालिका आधारभूत विद्यालय | ५ | २०० | ४० | २० | ६ | ६ | ६.६७ |
| ४२ | बद्रीविशाल मा.वि. | १२ | ४८० | २२१ | ४६.०४ | २० | २० | ११.०५ |
| | जम्मा | | ११३६० | ३४५९ | ३०.४५ | २८९ | २८९ | ११.९७ |

- विवरणअनुसार सवै समुदायिक विद्यालयमा तोकिएभन्दा विद्यार्थी संख्यामा शत प्रतिशत हुनुपर्नेमा न्युनतम १.५ प्रतिशत देखी अधिकतम ९४.७९ प्रतिशत क्षमतामा सञ्चालन भएको देखिएकोले कुनै विद्यालयमा पनि नियमावलिले तोके वमोजिम विद्यार्थी देखिएन । भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार विद्यालय गाभ्ने, खारेज गर्ने नयाँ थप गरी बिद्यालय समायोजन गर्नुपर्नेमा हालसम्म व्यवस्थापन गर्न सकेको देखिएन । सामुदायिक विद्यालय समायोजन गरेको नदेखिएकोले निर्धारित मापदण्ड वमोजिम विद्यालय समायोजन गरी गुणस्तरीय शिक्षाको ब्यबस्थापन गरिनु पर्दछ ।
- नियमावली अनुसार समुदायिक विद्यालयमा औषतमा शिक्षक-विद्यार्थी अनुपात ४० हुनुपर्नेमा विवरण अनुसार न्युनतम ३ देखी अधिकतम २०.७७ अनुपात भएको देखिएकोले कुनै विद्यालयमा पनि नियमावलीले तोके वमोजिम शिक्षक/विद्यार्थी देखिएन । सार्वजनिक खर्चमा मितब्यीता कायम गर्न भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार शिक्षक दरवन्दी मिलान गर्ने,अनावश्यक दरवन्दी खारेज गर्ने गरी शिक्षक दरवन्दीको ब्यबस्थापन गरिनुपर्नेमा पालिकामा शिक्षक दरवन्दी मिलान भएको देखिएन । शिक्षा नियमावलीको ब्यबस्था वमोजिम शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

## १४ प्रति विद्यार्थी लागत

गाउँपालिकाले सामाजिक सेवा तर्फ गरेका अल्पकालिन लगानी, दिर्घकालिन लगानीलाई लागत लाभ मापन हुने गरी लगानीको सुनिश्चितता गर्नु पर्दछ । तिनै तहका सरकारवाट विद्यालयको संचालन व्यवस्थापनका लागी गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा गएको निकासा तथा विद्यार्थी अनुपातमा निकालेको प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|
| संघियसरकार | १७४००२००० | ३४५९ | ५४७४९.७८ |
| प्रदेशसरकार | १७०४००० | | |
| गाउँपालिका | २१८५०००० | | |
| जम्मा | १९७५५६००० | | |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रू ५४७४९.७८ रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, व्यवहारिक, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

## १५ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्षपुजिगतशिर्षकबाट रु १७०१५०८२०।०० खर्च गरेकोमा रु ७०३५०७५१।१६ अर्थात् ४१.३४ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये उपभोक्ता समितिबाट रु ९५,७७३,९०२.४५ को खरिद गरेको छ। उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

| क्र.सं. | खरिद विधि | संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | खुला बोलपत्र | १७ | ७०३५०७५१.१६ |
| २ | उपभोक्ता समिति वा लाभग्राही समुदाय | १८७ | ९५,७७३,९०२.४५ |
| ३ | कन्टीन्जेन्सी | | ४०२६१६६.५ |
| | जम्मा | | १७०१५०८२०।०० |

## १६ सम्भाव्यता अध्ययन/डी.पी.आर

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष कुल रु ९८९२०२ गरेको वाह्य परामर्शदातालाइ भुक्तानी गरेको छ। यसरी कार्य गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता परामर्शदाता वाट सेवा खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

| क्र.सं. | बजेट उपशीर्षक विवरण | खर्च | | खरिद विधि | | कार्यन्वयमा गएको | |
|---|---|---|---|---|---|---|---|
| | | यो वर्ष | | सिधै वा आसयपत्र | | यो वर्ष | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | पर्यटन पदमार्ग तिनसुरे पासाङचोक लिज इन्जिनियरिङ | १ | ९८९२०२ | १ | ९८९२०२ | १ | ९८९२०२ |

## १७ कार्यसम्पन्न लागत

खरिद सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचारमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८( २) मा समयमा कार्यसम्पादन हुन नसके वापतको पूर्व निर्धारित क्षतिपूर्ति प्राप्त गर्ने र सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने, समेत उल्लेख छ ।निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कार्य नगरेको जनाई कार्यालयले यस बर्ष निर्णय गरी ठे नं १८/८१/८२ सप्तरंगी कन्ट्रक्सन र ठे नं 5 / 2081/82 देउपुर वुद्ध जे भि खरिद सम्झौता अन्त्य गरेकोमा पुर्व निर्धारित क्षतिपुरति र बाँकी काम सम्पन्न गर्न लाग्ने लागत post termination evaluation) मुल्याङकन गरी सरकारी वाँकी सरह असुल गरेको नदेखिएकोले खरिद ऐन तथा नियमावलीको ब्यबस्था कार्यान्वयन हुनुपर्दछ ।साथै खरिद सम्झौताको ब्यबस्था वमोजिम उल्लेखित २ वटा निर्माण ब्यबसायीलाइ कालो सुचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाइ लेखि पठाउनुपर्दछ ।

## १८ कन्टिन्जेन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले देहाय वमोजिम यस वर्ष रु ४० लाख २३ हजार कन्टीन्जेन्सी खर्च गरेको छ।

| | लागत अनुमान | कन्टिन्जेन्सीखर्च | कन्टिन्जेन्सीखर्च शीर्षकगत | | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रमको नाम | | चालुवर्षको | मस्टरोलज्याला | सवारीमर्मत तथा इन्धन | कार्यलयसञ्चालन अनुगमन | अन्य | |
| १ | आवासीय भवननिर्माण/ खरिद | ६५०००० | ३७५४० | ० | ७५०८ | १८७७० | ११२६२ |
| २ | गैर आवासीयभवन निर्माण/ खरिद | ७०००००० | ३०१९४ | ० | ६०३८.८ | १५०९७ | ९०५८.२ |
| ३ | निर्मितभवनको संरचनात्मक सुधार खर्च | ७११००० | १८००० | ० | ३६०० | ९००० | ५४०० |
| ४ | पशुधन तथाबागवानी विकास खर्च | २४१३००० | ३५००० | ० | ७००० | १७५०० | १०५०० |
| ५ | सडक तथापूल निर्माण | ८७६६१००० | १९६९७६३.५१ | ० | ३९३९५२.७०२ | ९८४८८१.७५५ | ५९०९२९.०५३ |
| ६ | खानेपानीसंरचना निर्माण | ९६४९००० | ३८९७७२ | ० | ७७९५४.४ | १९४८८६ | ११६९३१.६ |
| ७ | अन्यसार्वजनिक निर्माण | ६३७२५००० | १५४२६९६.९९ | ० | ३०८५३९.३९८ | ७७१३४८.४९५ | ४६२८०९.०९७ |
| | जम्मारु | १७१८०९००० | ४०२२९६६.५ | ० | ८०४५९३.३ | २०११४८३.२५ | १२०६८८९.९५ |

- सवारी इन्धन तथा मर्मत वापत रु ८ लाख ०४ हजार खर्च लेखिएकोमा pamsमा अभिलेख गरिएको छैन ।
- कन्टिन्जेन्सीबाट भएको खर्चको ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा सो वमोजिम देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा समेत प्रविष्टि गर्नुपर्छ।
- कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मूल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ।

## १९ उपभोक्ता मार्फत कार्य

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (९) उपभोक्ता समिति बाट सञ्चालन हुने निर्माण कार्यमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको अवस्थामा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकाय बाट सहमती लिई हेभी मेशिन प्रयोग गर्न सकिने व्यवस्था रहेको छ अन्यथा उपभोक्ता समिति बाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रिव्युटर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न सकिने छैन भनि व्यवस्था गरेको छ ।नमुना परिक्षण गर्दा उपभोक्ता समितिले हेभी मेसिनको प्रयोग गरी निर्माण व्यवसायिलाई भुक्तानी दिएको पाईयो । उपभोक्ता समितिले कार्य गर्ने सम्झौता गरी कार्य सम्पन्न रकम बराबरको निर्माण व्यवसायिको विल राखी भुक्तानी गरेको नियम संमत देखिदैन । पालिकाले उपभोक्ता समितिको कार्यमा निर्माण व्यवसायी मार्फत हुने कार्य नियन्त्रण गरी उपभोक्ताको श्रम बाट निर्माण गराउने तर्फ ध्यान दिनुपर्दछ । नियम संमत नदेखिएको रु

| गोश्वारा भौचर | उपभोक्ता समिती | कार्य | कार्यसम्पन्न | भुक्तानी रु | निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीको विल रकम |
|---|---|---|---|---|---|---|
| ६। ०८१। ६।२० | प्रि मनसुन तथा विपद् व्यवस्थापन उस | Earthwork excavation by machine for road clearing wrk | ३६७८३६ | ३३४००० | विपसना कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २१९७६२ |
| ९। ०८१। ७। १२ | वडा नं ६ भित्रको सडक सरसफाई उस | सडक सरसफाई कार्य | ८४४८९० | ७३४००० | चक्रदेवी विल्डर्स | ७३१११० |
| १६। ०८१। ८। १७ | ३ नं वडाको सवै सडक मर्मत उ स | सडक सरसफाई तथा मर्मत कार्य | ८७२९०६ | ७५१४५० | कालिका कन्स्ट्रक्सन | ७३१११० |
| १२। ०८१। ७। १३ | वर्षात वाट पुर्याएको क्षतिको सडक मर्मत सम्भार | सडक सरसफाई तथा मर्मत कार्य | २१०३७६ | १९१००० | कालिका कन्स्ट्रक्सन | २१०३५५ |
| १९। ०८१। ८।१८ | वर्षात वाट पुर्याएको मुख्य सडक मर्मत | सडक सरसफाई तथा मर्मत कार्य | २०७८०२ | १८६२३० | कालिका कन्स्ट्रक्सन | १७६२८० |
| २४। ०८१। ९।३ | वडा नं २ सडक मर्मत तथा सरसफाई उस | सडक सरसफाई तथा मर्मत कार्य | ४३९३३५ | ३५७५३० | कालिका विल्डर्स एण्ड सप्लायर्स | ३७६५१७ |
| ४३। ०८१। ९। २१ | वडा नं ४ भित्रको सडक मर्मत | सडक सरसफाई तथा मर्मत कार्य | ८२९७६३ | ७५०००० | कालिका विल्डर्स एण्ड सप्लायर्स | ६८८१७० |
| | | | | ३३०४२१० | | ३१३३३०४ |
| | | | | | अनियमित भएको | ३३,०४,२१० |

## २० चालु खर्चको अवस्था

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्ष र यस आर्थिक वर्षको तुलनात्मक खर्च स्थिती देहायवमोजिम देखिन्छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

| सि.नं. | खर्च शिर्षक | २०८०।८१को खर्च | २०८१।८२ को खर्च |
|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | १०३५३१६८.०० | ८,८१०,५५०.०८ |
| २ | वैंठक भत्ता | ३,२०४,०००.०० | ३,४९७,३९९.०० |
| ३ | जलपान | २२,७६,९३५.०० | १०,४७,४११.०० |
| ४ | इन्धन | २८००००.०० | ३४००००.०० |
| ५ | मसलन्द | ५३,८३,१२६.५ | ४८,०८,२८७.० |
| ६ | मर्मत | १२०००.०० | २०९८०००.०० |
| ७ | दैनिक भ्रमण भत्ता | ३३६०८६०.०० | ३,२८४,२५०.०० |
| ८ | प्रोत्साहन भत्ता | ११,९९,९९९.९० | ६००००.०० |
| ९ | आर्थिक सहायता | ३७,०७,८७५.०० | ५,८५,०००.०० |

## २१ सवारी साधन भाडा

कार्यालयले यस वर्ष सवारी साधन भाडामा रु रु.१५७२६८० खर्च गरेको पाइयो । सवारी धनी र पालिका विचको सवारी साधन प्रयोगको सम्झौता जिल्ला दररेटले तोकेको दररेटको आधारमा दरभाउपत्रवाट प्रतिदिनको सवारी साधन भाडा दर तय गरी प्रतिस्पर्धात्मक दर रेटमा प्रयोजन स्पष्ट खुलाई अत्यावश्यक कार्यका लागी मात्र यस्ता सवारी साधन भाडामा लिई मितव्ययी खरिद गर्नुपर्नेमा सो वेगर पटके रुपमा फरक फरक दरमा प्रयोजन नखुलाई भाडा भुक्तानी भएको छ । सम्झौता र स्पष्ट प्रयोजन विना सवारी साधनमा खर्च गर्नु उचित देखिएन । सवारी साधन भाडामा लिदा कसको लागी र के कार्यमा जान भाडामा लिईएको हो, सुविधा पाउने हो होईन यकिन निर्धारण गरी खर्च लेख्नुपर्दछ ।

## २२ गाँउपालिका अनुदान वाट शिक्षकको तलव भत्ता

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को वुदा नं ४.१ मा स्विकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यारत सवै शिक्षकहरु, प्रारम्भिक वाल विकासका शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीको तलव भत्ता सवै शशर्त अनुदानको रुपमा उपलब्ध हुने व्यवस्था रहेको छ । त्यस्तै शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । पालिकाले निम्न विद्यालयमा शिक्षक अनुपात भन्दा वढी भएको अवस्थामा समेत पालिका स्रोत वाट तलव भुक्तानी गरी थप व्ययभार पारेकोले नियम सम्मत देखिदैन । पालिकाले विद्यालय समायोजन गरी विद्यार्थी अनुपात मिल्ने गरी शिक्षक ब्यबस्थापन गर्नुपर्दछ ।

| क्र.स. | बिद्यालयकोनाम | तह | शिक्षकसंख्या | वार्षिकअनुदान रकम |
|---|---|---|---|---|
| १ | देउरालीआवि | प्रशि | १ | २७०००० |
| २ | सितलादेवीआवि | मा वि | १ | ३३५००० |
| ३ | पासाङचोक मा वि | मा वि | १ | ४००००० |
| ४ | सातथरआवि | नि मा वि | १ | ३३५००० |
| ५ | तामाङ खर्च मा वि | मा वि | १ | ४००००० |
| ६ | माण्डली मा वि | मा वि | १ | ४००००० |
| ७ | बसेरी मा वि | मा वि | २ | ७९०००० |
| ९ | राई गाँउ मा वि | मा वि | १ | ४००००० |
| १० | शिवालय मा वि | मा वि | २ | ७९०००० |
| १२ | बद्रिबिशाल मा वि= | मा वि | १ | ४००००० |
| १३ | हिलेपोखरीआवि | नि मा वि | १ | ३३५००० |
| १४ | चिमचोकआवि | नि मा वि | १ | ३३५००० |
| १५ | अन्नपूर्णआवि, बसेरी | प्राशि | १ | २७०००० |
| १६ | ज्ञानमन्दिरआवि | प्राशि | १ | २७०००० |
| १७ | रिचेतआवि | प्राशि | १ | २७०००० |
| १८ | हिमालयआवि | प्राशि | १ | २७०००० |
| १९ | महेन्द्ररत्नमावि | निमाशि | १ | ३३५००० |

## २३ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय वमोजिमखरिद गरी वितरण गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले गरिनुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ। साथै सम्वन्धित वितरण भरपाइमा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात राखिनुपर्दछ ।

| गो भौ नं/मिति | विवरण | खर्च रकम |
|---|---|---|
| ६८।२०८१।७।४ | वडास्तरिय तीज कार्यक्रम | ४०००।०० |
| १०२।२०८१।८।५ | वडास्तरिय तीज कार्यक्रम | १५०००।०० |
| ६६४।२०८२।३।१६ | ४० बर्ष पुगेका सामाजिक सुरक्षा भत्ता | २८०००।०० |

## २४ पाम्समा अभिलेख

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।७।२० को निर्णयबाट आर्थिक बर्ष २०७७।७८ बाट अनिवार्य रुपमा नेपाल सरकारको तीनै तहका सबै सरकारी कार्यालयहरुले प्रयोग गर्न सक्ने गरी सरकारी सम्पतिको लेखाङ्कन र प्रतिवेदन तयार गर्न सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) लागू हुने गरेको छ । देहायको गोश्वरा भौचर र मितिवाट वडा कार्यकोलागी देहाय समान गरिद गरेकोमा

मेनुअल जिन्सि दाखिलाको आधारमा भुक्तानी भएकोले सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) लागू पश्चात पाम्समा दाखिला गरी भुक्तानी गरिनुपर्दछ ।

| गो भौ नं मिति | विवरण | सामान | खर्चरकम |
|---|---|---|---|
| ६४।२०८१।७।४ | शारदा केसी ३ नंवर वडा कार्यालय | कार्यालय मसलन्द | ३४४२०।०० |
| ९३।२०८१।७।३ | विपना साउद ४ नंवर वडा कार्यालय | कार्यालय मसलन्द | ४८००० |
| १७३।२०८१।९।९ | शिवराज महतरा २ नंवर वडा कार्यालय | कार्यालय मसलन्द | ३६५७० |
| ३०२।२०८१।११।२० | पुर्कर महरा १ नंवर वडा कार्यालय | कार्यालय मसलन्द | ६०००।०० |

## २५ जिन्सि सामानको पाम्स अभिलेख नराखेको

आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा खरिद गरी वा नगरी जुनसुकै माध्यमबाट प्राप्त भएको जिन्सी मालसामानको विवरण र मुल्य खुलाइ सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनु कार्यालय प्रमुखको कार्य हुने उल्लेख छ । यथासिघ्र जिन्सी मालसामानहरु लिलाम विक्रि/ मर्मत गर्नुपर्ने भए सो गरी मूल्य नखुलेका मालसामानहरुको यथासिघ्र मूल्य खुलाई जिन्सी सामानहरु PAMS(Public Assets Management System) मा अध्यावधिक गरी जिन्सी सामानहरुको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिका तथा पलिका अन्तर्गत विभिन्न वडा समितिले खरिद गरेका जिन्सि समानाको संरक्षणकोलागी खप्ने वा नखप्ने किसिमका समान PAMS मा अभिलेख राखेको पाईएन ।खरिदका गरेका सामाग्री आफैले प्रयोग गर्दा होस वा अन्यत्र हस्तान्तर गर्दा होस सर्व प्रथम कम्प्यूटरमा आधारित अभिलेख राखी उपयोग गरेमा प्राप्त सम्पत्ति थप हुने र घटेको सम्पत्ति लगत कट्टा हुन भएकोले जिन्सि समाग्रीको यथार्थ अवस्था यकिन गर्न सकिने हुन्छ । नमुना परीक्षणमा पालिकाका विभिन्न शिर्षक अन्तरगर भएको खर्च मध्ये खरिद भएका निम्न वमोजिमका सामाग्री पाम्समा अभिलेख गरेको प्रमाण पेश हुनुपर्दछ ।

| गो भौ मिति | वडा न / संस्था | आपूर्ति कर्ता | मुख्य सामाग्री | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३९९। ०८२।३। २५ | पालिका | न्यू धादिङ्ग फर्निसिङ्ग सेन्टर | पलास्टिक कुर्सी १८, पि फम ३३ मि, सिरानी र खोल ३ | ३१९५० | कन्टिन्जेन्सी |
| ४०१। ०८२।३। २५ | पालिका | कालिका विल्डर्स एण्ड सप्लायर्स | २०मिमि एचडीपिई पाईप १२०० मिटर | ५०१७० | उपाध्यक्ष कोष |
| ४०२। ०८२।३। २५ | वडा ७ | श्री कृष्ण मल्टि विजनिस | मसलन्द तथा कार्यालय सामाग्री | ३४४६२ | भैपरी तथा विपद व्यवस्थापन |
| ४०३। ०८२।३। २५ | पालिका | न्यू धादिङ्ग फर्निसिङ्ग सेन्टर | अफिस टेवल १ टि टेवल १ अफीस र्याक १ घुम्ने कुर्सि १ कुर्सि १ | ५६००० | अध्यक्ष कोष |
| ४२९। ०८२।३। २५ | पालिका | न्यु सुभारम्भ सप्लायर्स | मसलन्द | १४२५० | अध्यक्ष कोष |
| ३८४। ०८२।३। २४ | वडा ७ | न्यू धादिङ्ग फर्निसिङ्ग सेन्टर | दराज १ टेवुल ३ कुर्सि२ डसविन २ पँखा २ | १००००० | वडा मरमत |
| ३८६। ०८२।३। २४ | पालिका | कालिका विल्डर्स एण्ड सप्लायर्स | ६३ मिमि एचडीपिई पाईप १०० मिटर | २४००० | अध्यक्ष कोष |
| ३८८। ०८२।३। २४ | वडा ६ | पल्भिस कन्सट्रक्सन एण्ड सप्लायर्स | २०,२५,३२ मिमि एचडीपिई पाईप २६०० मिटर र ४० थान ग्यावि‍न जालि | २३१००० | विपद व्यवस्थापन |
| ३६९। २०८२। ३।२३ | वडा ४ | धादिङ्ग फर्निसिङ्ग सेन्टर, दिप विर ट्रेडर्स | प्लाष्टिक कुर्सि ४५थान भत्ते घडि २थान | १९८४५० | फर्निचर खरिद |

## २६ गृहणी महिला सशक्तीकरण कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च भुक्तानी गर्दा विल भर्पाई तथा अन्य कागजात चेकजाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गोश्वार भौचर नं १५।०८२।३।१६ (प्रदेश शसर्शत चालु) र ७३४।०८२।३। २३ (पालिका चालु) बाट देहायवमोजिमका समुहलाई पञ्चेवाजा खरिद गर्न अनुदान दिएकोमा उक्त खर्चको विल भर्पाई र अनुगमन प्रतिवेदन पेश नभएकोले उक्त समाग्री खरिद गरेको सम्वन्धमा एकिन गर्न सकिएन । उक्त सामाग्रीको विल भर्पाई र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु

| क्र स | समुह | रकम | प्रयोजन |
|---|---|---|---|
| १ | गंगा जमुना महिला समुह | १,००,००० | पञ्चेवाजा खरिद गर्न |
| | | प्रमाण पेश नगरेको | १,००,००० |

## २७ सेनिटरी प्याड

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूलाई १० महिनाको लागि निःशुल्क सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था एकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गरी वितरण गर्ने र सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा Disposal Machine नभएमा एक पटकका लागि मात्र खरिद गरी वितरण गर्न सक्ने उल्लेख छ । पालिकाले गो भौ न २३० मिति २०८२।३।१९ मा रु ७६५७५६ को लाईफ केयर सेनिटरी एण्ड नेपकिन उद्योग एण्ड सप्लायर्स सँग प्रति प्याकेट रु ४७।८० पैसाको दरले ई विड मार्फत खरिद गरेकोमा उक्त सामाग्री सामुदायिक विधालयलाइ वितरण गरेको पाईएन ।पालिकाले अविलम्व उक्त प्याड विद्यालयमा वितरण गर्नु पर्दछ । साथै सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६दफा ५ वमोजिम विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कार्यक्रम कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विधालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा यस सवन्धमा कुनै प्रगति विवरण प्राप्त नभएको हुदा यस तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

## २८ खाजाको गुणस्तर

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१ को क्रियाकलाप २.७.११।१ खण्ड(ज) मा दिवाको गुणस्तर सम्वन्धी र खण्ड (झ) मा स्थानीय तहले गर्नुपर्ने अनुगमन सम्वन्धमा व्यवस्था गरेको छ ।पालिकाले खाजाको गुणस्तर सम्वन्धमा प्रतिवेदन तयार परेको पाईएन । खाजामा उपयोग हुने खाद्य समाग्री गुणस्तर तथा मात्रा र पोषण तत्वका सम्बन्धमा अनुगमन गरी दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।

## २९ छात्र वृत्ती

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०८१।८२) को क्रियाकलाप नं. २.७.१.१ मा वालवालिकाको विद्यालय शिक्षामा पहुच अभिवृद्धि गर्न, शैक्षिक गुणस्तर सुधार तथा सिकाई निरन्तरताकोलागी गैर आवासिय विद्यालयको मागको आधारमा कक्षा १ देखि ५ सम्मका छात्रा तथा दलित विद्यार्थिलाई वार्षिक रु ४०० दरले उपलव्ध गराउने व्यवस्था अनुसार पालिकाले ४१ विद्यालयलाई गो भौ न १४६ मिति ०८२।२।१९ वाट रु २२८००० र गो भौ न १४७।०८२।२।१९ वाट ५९६०० समेत रु २८७६०० निकाशा गरेको छ । नमुनाको रुपमा १० प्रतिशत विद्यालयको (५वटा)को वितरण भर्पाई परिक्षण गर्दा निम्न २ विद्यालयको वितरण भर्पाई उपलव्ध हुन सकेन ।पालिकाले आफु मातहतका सम्पुर्ण विद्यालयवाट भर्पाई प्रप्त गरी विद्यार्थिले उक्त छात्रवृति प्राप्त गरेको सुनिश्चित हुनु पर्ने देखियो ।

| विद्यालयको नाम | महिला | दलित | निकाशा रकम |
|---|---|---|---|
| महालक्ष्मी मा वि | २८ | १ | ११६०० |
| सरस्वति आ वि | १९ | ० | ७६०० |

## ३० अनुदानको अनुगमन

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०८१।८२) को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा अधारित प्रोत्साहन अनुदान अन्तरगत विद्यालयमा शैक्षिक तथा व्वस्थापकिय योजना कार्यान्वयन तथा ल्याव स्थापनाकोलागी गो भौ न २२९।२०८२।३।१९ वाट रु १७००००० विभिन्न विद्यालयलाई सामाजिक परीक्षण आधारम भूक्तानी भएकोमा उक्त अनुदान रकमको प्रगति विवरण तथा विज्ञान प्रयोगशाला (ल्याव समाग्री) खरिद भई जिन्सि खातामा दाखिला गरेको पाईएन । पालिकाले उक्त अनुदानको सदुपयोग भएको सुनिश्चिताता गर्नु पर्दछ ।

| विद्यालयको नाम | रकम | कैफियत |
|---|---|---|
| तामाङ्ग खर्क मा वि वडा ४ | ३००००० | शैक्षिक व्यवस्थापन सुधार र उत्कृष्ट कार्यसम्पादन |
| सितला देवी आ वि वडा १ | २००००० | शैक्षिक व्यवस्थापन सुधार र उत्कृष्ट कार्यसम्पादन |
| मण्डलि मा वि वडा ५ | १२००००० | शैक्षिक योजना कर्यान्वयन तथा ल्याव स्थापना |

## ३१ गरिवी निवारणको लागी लघु उधम कार्यक्रम

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायवमोजिमको सिप विकास तालिममा रु ५२१३४४ खर्च गरेको छ । उक्त तालिम लिएका तथा मेसिन उपकरण लिएका मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख गाउँपालिकाले राखेको छैन । गाउँपालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थिहरुले व्यवसाय तथा उद्यम सूरु नगरेको अवस्थामा तालिमको औचित्य रहदैन । तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्धी मापन गर्नुपर्दछ ।

| गोश्वरा भौचर | तालिम | खर्च रु | तालिममा सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| ७२।०८१।११।९ | १ महिने सिलाई कटाइ तालिम | १२०८५० | २२ | एडभान्स तालिम |
| ७३।०८१।११।१२ | ५ दिने कन्ये च्याउ तालिम | २१४००० | १० | एडभान्स तालिम |
| १११।०८१।१२।२१ | ३ दिने आधुनिक तरकाली खेती तालिम | १८६४९४ | २४ | नया लघु उधमी सिर्जना तर्फ |

## ३२ अनुगमन भत्ता

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि (१) बमोजिमको सुविधा पाउने उल्लेख छ ।त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्वन्धित सभाले अधिकार क्षेत्र भित्रको उपलब्ध आर्थिक श्रोतका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै दफा १४ मा ऐन वाहेकका सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरेवमोजिम हुने उल्लेख छ । नमुना परीक्षण गर्दा पालिकाले आफ्नो कार्यक्षेत्रमा आ.व. २०८१।०८२ मा सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन कार्य गरेवापत विभिन्न पदाधिकारी तथा कर्मचारीको अनुगमन खर्च लेखेको छ । यस प्रकारको अनुगमनको भत्ता नियन्त्रण हुनुपर्दछ ।

| गोश्वारा भौचर | अनुगमन प्रयोजन | कर्मचारी तथा पदाधिकारी संख्या | अनुगमन दिन | कर कट्टी पछी भुक्तानी रु |
|---|---|---|---|---|
| ७३।०८१।११।१२ | लघु उधम विकास तालिम अनुगमन | ४ जना | २ देखि ५ दिन | १३६०० |
| ७२।०८१।११।०९ | लघु उधम विकास तालिम अनुगमन | ५ जना | ५ दिन | २१२५० |
| ३५।०८२।३।२५ | अनिवार्य तथा निशुल्क कार्यक्रमको अनुगमन र सुपरीवेक्षण | १३ जना | २ देखि १० दिन | ६२९०० |
| २४१।०८२।३।२५ | रोजगार आयोजनाको विभिन्न योजनाहरुमा अनुगमन गरेको | २३ जना | १ देखी ५ दिन | ३९९५० |
| २१।०८२।३।१९ | गृहणी महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत तालिममा अनुगमन गरेको | १२ जना | १ देखि ७ दिन | ३५७०० |

## ३३ न्यानो झोला

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.ब २०८१।०८२ मा

गोश्वार भौचर नं १८।०८१।७।१३ बाट २०० थान न्यानो झोला खरिद गरेकोमा पालिकाको भण्डारमा २०८१ आषाढ मसान्त सम्म १०० थान मौज्दात रहेको छ । लामो अवधिसम्म मौज्दात रहने गरी खरिद गर्ने कार्य नियमसम्मत देखिएन् । बर्थिङ सेन्टरमा प्रसुतीको संख्या एकिन नगरी भएका त्यस्ता झोलाहरु खरिद र तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गरिनुपर्ने साथै लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गत वर्षको मौज्दात | यस वर्ष खरिद | जम्मा | हस्तान्तरण | बाकी मौज्दात | वर्थिङ सेन्टरमा सुत्केरी संख्या |
|---|---|---|---|---|---|
| ५५ | २०० | २५५ | १५५ | १०० | ८४ |

## ३४ औषधि खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि वमोजिम भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले सिवन्दी दरभाउपत्र मार्फत मिति २०८१ मंसिर १४ गते मेडिगोल्ड इन्टरनेसनल प्रा ली संग १३८ आइटम औषधि रु ८६३१३५।२६ मा खरिद गर्ने सम्झौता भएकोमा पालिकाले पटक पटक गरी सोही सप्लायर्स वाट भेरिएशन आदेश जारी नगरी पटक पटक गरी सम्झौता परिमाण भन्दा रु १९,७५,६०९ को वढी खरिद गरेको नियमसम्मत देखिदैन । लेखापरीक्षणको क्रममा शुरुमा वजेट अभाव भई कम परिमाणमा खरिद गरेको र औषधीको माग अत्याधिक भएकोले शुरु ठेक्का वाट वचेको वजेट तथा अन्य रकम वाट औषधि खरिद गरेको भनाई रहेको । पालिकाले कानून वमोजिम खरिद गर्नुपर्दछ ।

## ३५ आन्तरिक आय

३५.१ आन्तरिक आय : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आन्तरिक आयको अन्य श्रोतको खोजी गरी आन्तरिक आय वृद्धी गर्नुपर्दछ । पालिकाको ३ आर्थिक वर्षको आन्तरिक आय देहायवमोजिम रहेको छ ।

| २०८०।८१ को असूली | २०८१।८२ को असूली | वढि/ घटि |
|---|---|---|
| ७३,०९,६९३.४९ | ५८,५७,५४६.०८ | १,४५२,१४७.४१ (घटी हुनाका कारण आन्तरिक आय ठेक्का नलागेको ।) |

३५.२ ढिला दाखिला : आर्थिक कर्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट सम्म बैङ्क दाखिला गर्नुपर्ने तर बैङ्क र कार्यालयबीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोही म्याद बमोजिम गर्नुपर्ने व्यवस्था छ । तोकिएको समय भन्दा १० दिन ढीलो गरी दाखिला गरेमा दाखिला गर्न बाकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना र सो भन्दा पनि ढिला गरेको भएमा १० प्रतिशत जरिवाना र कसुरको मात्रा अनुसार प्रचलित कानुन अनुसार विभागिय कारवाही समेत गर्न गराउन सक्ने ब्यवस्था छ । पालिकालेको अधिकांश राजश्व ऐनले तोकिएको सिमा भन्दा ढिला दाखिला भएको छ । दैनिक ठुलो परिमाणमा राजश्व संकलन नहुने तथा भौगोलिक विकटताको कारण कानूनमा उल्लेख गरेको दिन मा राजश्व दाखिला गर्न सम्भव नहुने भनाई रहेको छ । पालिकाले संकलन गरेको राजश्व सम्भव भए सम्म समयमानै राजश्व दाखिला गर्न लगाउनु पर्दछ । राजश्व संकलन र दाखिलाको केही उदाहरण

| नाम | संकलन मिति | संकलन रु | दाखिला मिति | दाखिला रु |
|---|---|---|---|---|
| वुद्दी वहादुर वि क | ०८१।४।१ वाट ०८१।४।३२ सम्म | १८,७५४।७३ | ०८१।४।३२ | १८,७५४।७३ |
| विपना साउद | ०८१।४।१ वाट ०८१।४।३२ सम्म | ६३२८८।२० | ०८१।४।३२ | ६३२८८।२० |
| सुरेन्द्र अधिकारी | ०८१।४।१ वाट ०८१।४।३२ सम्म | ५९१४९।९३ | ०८१।४।३२ | ५९१४९।९३ |
| अर्जुन पुन मगर | ०८१।४।१ वाट ०८१।५।३१ सम्म | १११६०३।६१ | ०८१।५।३१ | १०३३५८।७७ |
| शिवराज महतरा, अमोस कुमार तामाङ | २०८१।०४।१ बाट २०८१।०८।४ सम्म | १,०८,४५७।९५ | २०८१।०८।४ | १,०८,४५७।९५ |

३५.३ सामुदायिक वनको आय –स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार रकम दाखिला गरेको देखिएन।

## ३६ सामाजिक सुरक्षा

३६.१ सामाजिक सुरक्षा ऐन २०७५ बमोजिम जेष्ठ नागरिक ,आर्थिक रुपले बिपन्न ,अशक्त खतथा असहाय अबस्थामा रहेका ब्यक्ती , असहाय एकल महिला ,अपाङ्गता भएका ,बालबालिका ,आफ्नो हेरचाहा आफै गर्न नसक्ने लोपोन्मुख जातीलाइ सामाजिक सुरक्षा भता पाउने अधिकार हुने ब्यबस्था अन्तर्गत यस पालिकाले सामाजिक सुरक्षा भता बितरण कार्यविधि २०७७ वमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम दर्ता र नवीकरण ,लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि प्रथम ,द्वितिय ,तृतिय चौथो किस्ता गरि जम्मा रु १४८१९६७२९ बैकिङ प्रणाली मार्फत वितरण गरेको देखिएको छ।

| लाभग्राही समूह | लाभग्राहीसङ्ख्या | वितरण रकम |
|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | ९७६८ | ११६४७६८२५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ५०५ | ३९८२०२० |
| जेष्ठ नागरिक एकल महिला | ७११ | ५६५२७६६ |
| विधवा | ३५० | ११९२२१२० |
| पूर्ण अपाङ्गता भत्ता | ३५० | ४१८५५१० |
| अति अशक्त अपाङ्गता भत्ता | ७७१ | ४८८८०१६ |
| दलित बालबालिका | ७०७ | १०८९४७२ |
| लोपन्मुख जाति | | |
| जम्मा | १४३१७ | १४८१९६७२९ |

३६.२ अनुगमन तथा निरीक्षण _ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिममन्त्रालय, बिभाग, प्रदेश मन्त्रालय तथा पालिकाका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको सुचक समेत वनाई निरीक्षण तथा अनुगमन गर्नुपर्ने ब्यबस्था छ।सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले सामाजिक सुरक्षा भत्ता लिए नलिएको र मृत्यु भएका व्यक्तिको विवरण सम्वन्धमा अनुगमन गरी प्रतिबेदन गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गङ्गाजमुना गाउँपालिका, धादिंग , गंगाजमुना गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अनिल श्रेष्ठ | २०७९-४-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Suman Parajuli | २०८०-११-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,६८३,२३३ | ३,३०४,२१० | १००,००० | ० | ० | ४४५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,५३२,४४३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६,५३२,४४३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५८१८८१८२.२६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२२२६६८९८.९२ | चालु खर्च | ३२३५००८८७.१ |
| प्रदेश सरकारबाट अनुदान | ४०७२७७०९.१ | पूँजीगत खर्च | १७०१५०८२०.११ |
| राजश्व बाँडफाँट | १००३९६६७५.९१ | वित्तीय/अन्य व्यवस्था | १७९४१२६४२.९८ |
| आन्तरिक आय | ५९२९७०२.३२ | | |
| अन्य आय | १७९९३६३९४.३६ | | |
| कुल आय | ६४९२५७३८०.६१ | कुल खर्च | ६७३०६४३५०.१९ |
| बाँकी मौज्दात | | ३४३८१२१२.६८ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

| प्राप्ति भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गतआ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०,०७,३४,११७.३९ | ० | १०,०७,३४,११७.३९ | ७,७५,४१,५९८.४१ | ० | ७,७५,४१,५९८.४१ |
| १३००० | अनुदान | | ३६,२९,९४,६०८.८० | ० | ३६,२९,९४,६०८.८० | ३९,४५,२७,५७०.०० | ० | ३९,४५,२७,५७०.०० |
| १४००० | अन्यराजस्व | | ५५,२०,१०३.८२ | ० | ५५,२०,१०३.८२ | ७१,७७,७०८.८९ | ० | ७१,७७,७०८.८९ |
| क | कुलजम्मा प्राप्ति | | ४६,९२,४८,८३०.०१ | | ४६,९२,४८,८३०.०१ | ४७,९२,४६,८७७.३० | | ४७,९२,४६,८७७.३० |
| ३ | चालु | | ३२,३५,००,८८७.१० | ० | ३२,३५,००,८८७.१० | ३१,३२,५४,१५३.७९ | ० | ३१,३२,५४,१५३.७९ |
| २१००० | पारिश्रमिक / सुविधा | | २२,४१,४१,७६०.६६ | ० | २२,४१,४१,७६०.६६ | २३,२९,९६,८३८.२९ | ० | २३,२९,९६,८३८.२९ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | ८,७८,०९,८५९.४४ | ० | ८,७८,०९,८५९.४४ | ६,५४,०८,२४८.५० | ० | ६,५४,०८,२४८.५० |
| २७००० | सामाजिकसुरक्षा | | ९८,००,१८३.०० | ० | ९८,००,१८३.०० | १,३५,५३,२१७.०० | ० | १,३५,५३,२१७.०० |
| २८००० | अन्यखर्च | | १७,४९,०८४.०० | ० | १७,४९,०८४.०० | १२,९५,८५०.०० | ० | १२,९५,८५०.०० |
| ४ | पूंजीगत | | १७,०१,५०,८२०.११ | ० | १७,०१,५०,८२०.११ | १९,९३,०८,३४१.०० | ० | १९,९३,०८,३४१.०० |
| ३१११० | भवनतथा संरचना | | १,९७,६६,३४९.०० | ० | १,९७,६६,३४९.०० | १,६५,२२,४६२.०० | ० | १,६५,२२,४६२.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २६,३८,३६५.०८ | ० | २६,३८,३६५.०८ | ८४,७५,१८४.०० | ० | ८४,७५,१८४.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ७४,४७,३०५.४२ | ० | ७४,४७,३०५.४२ | ८२,८४,९१७.०० | ० | ८२,८४,९१७.०० |
| ३११५० | सार्वजनिकनिर्माण | | १३,९९,०८,८००.६१ | ० | १३,९९,०८,८००.६१ | १६,५५,३०,४७८.०० | ० | १६,५५,३०,४७८.०० |
| ३११७० | पूँजीगतसुधार खर्च | | ३,९०,०००.०० | ० | ३,९०,०००.०० | ४,९५,३००.०० | ० | ४,९५,३००.०० |
| ख) | कुलजम्मा भुक्तानी | | ४९,३६,५१,७०७.२१ | | ४९,३६,५१,७०७.२१ | ५१,२५,६२,४९४.७९ | | ५१,२५,६२,४९४.७९ |
| ग) | बचत /कमी (ग = | | (२,४४,०२,८७७.२०) | | (२,४४,०२,८७७.२०) | (३,३३,१५,६१७.४९) | | (३,३३,१५,६१७.४९) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क-ख ) | | | | | | | |
| घ) | धरौटी, आकस्मिक कोष लगायत्का अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | | ५,२३,७५१.३८ | | ५,२३,७५१.३८ | ५१,६९,१५८.९८ | | ५१,६९,१५८.९८ |
| घ.१) | कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यसआ.ब्.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | | (२,३८,७९,१२५.८२) | | (२,३८,७९,१२५.८२) | (२,८१,४६,४५८.५१) | | (२,८१,४६,४५८.५१) |
| च) | गतआ.व.को नगद तथा बैंक मौज्दात | | ५,८२,६०,३३८.५० | | ५,८२,६०,३३८.५० | ८,६४,०६,७९७.०१ | | ८,६४,०६,७९७.०१ |
| छ) | विनिमयनाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,४३,८१,२१२.६८ | | ३,४३,८१,२१२.६८ | ५,८२,६०,३३८.५० | | ५,८२,६०,३३८.५० |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।